# संघीयतामा वन

✍ भोला खतिवडा[१]

नेपालको कुल भुभागको ४४.७४ प्रतिशत वन रहेको छ (DFRS 2015)। यो आँकडा २० वर्षअघिको तुलनामा पाँच प्रतिशत वृद्धि भएको देखिन्छ। यसको प्रमुख कारण राज्यले लिएको असल नीति र समुदायको बल हो। राज्यले समुदायलाई विश्वास गरी सामुदायिक वन हस्तान्तरण गर्ने अवधारणालाई अभियानको रूपमा सुरुवात गरेपछि वन क्षेत्रले काँचुली फेर्न थालेको हो। नेपालमा कुल वनको झन्डै ३० प्रतिशत समुदायले संरक्षण गरिरहेका छन्। सामुदायिक वनको मात्र आँकडा केलाउने हो भने १९ हजार तीन सय ६१ सामुदायिक वन उपभोक्ता समूहले १८ लाख १३ हजार चार सय ७८ हेक्टर राष्ट्रिय वनलाई जिम्मामा लिएका छन्। जबकि नेपालमा ६६ लाख हेक्टर भन्दा अलि बढी वन क्षेत्र रहेको छ। सामुदायिक वन अभियानमा २३ लाख ९२ हजार सात सय ५५ घरधुरी आबद्ध रहेका छन्। एक करोड २० लाखभन्दा बढी जनसंख्या सामुदायिक वन अभियानमा गोलबद्ध भएको पाइन्छ।

वनका हिसाबले सबैभन्दा धनी प्रदेश नं. ३ रहेको छ। यस प्रदेशभित्रको कुल जमिनको ५३ प्रतिशत वन रहेको छ। त्यसैगरी सबैभन्दा थोरै वन भएको प्रदेश भने २ नं हो। यहाँको कुल भूभागमध्ये २७ प्रतिशतमात्र वन रहेको छ। नेपालकै कुल वनको क्षेत्रफललाई आधार मान्ने हो भने प्रदेश नं. २ मा ४.४ प्रतिशतमात्र वन रहेको छ। जबकि प्रदेश नं. ३ मा १७.५ प्रतिशत पर्दछ। त्यसैगरी प्रदेश नं. ४ मा पनि ११.७ प्रतिशत वन क्षेत्र परेको छ। प्रदेश नं. १ मा १७.३, प्रदेश नं. ५ मा १५.९, प्रदेश नं. ६ मा १६.१ र प्रदेश नं. ७ मा १६.९ प्रतिशत वन क्षेत्र रहेको छ (DFRS 2015)। प्राकृतिक स्रोतमध्ये सहज रूपमा व्यवस्थापन गर्न सकिने सम्पदा वन नै हो। वन यस्तो स्रोत हो- जसको प्रयोग गर्न सहज छ र सही व्यवस्थापन गरेमा नवीकरणीय स्रोतको रूपमा रहिरहन्छ। त्यसैले संघीयता कार्यान्वयन गर्दा वन क्षेत्रमा पहिलो असर पर्न सक्दछ र समृद्धिको लागि वनस्रोतको समुचित व्यवस्थापन गर्नु सान्दर्भिक पनि हुन्छ।

वनस्रोतका सम्बन्धमा वर्तमान संविधानले समेत केही कुरा उल्लेख गरेको पाइन्छ। वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधतालाई संघ, प्रदेश र स्थानीयवासीको अधिकारको साझा सूचीमा उल्लेख गरेको छ। यसको अर्थ वनजंगलमा राज्यको तिनै तहका सरकारको भूमिका रहने भयो। संविधानले नै निकुञ्जहरु संघीय सरकार र संरक्षण क्षेत्र प्रदेश सरकारमातहत रहने उल्लेख गरिसकेको छ।

यतिवेला वन क्षेत्रको सम्बन्धमा विभिन्न चर्चा हुने गरेका छन्। स्थानीय तहमा वनको अधिकार गयो भने वनविनाश हुन्छ, वन क्षेत्र नै रूपान्तरण हुने सम्भावना हुन्छ। संविधानको अनुसूचीमा समेत राष्ट्रिय वनको जिम्मा प्रदेशमा राखेकोले त्योभन्दा तल जाने सम्भावना छैन। सामुदायिक वनको हस्तान्तरण स्थानीय तहबाट हुनै नसक्ने भन्ने एकथरीको तर्क छ। अर्काथरीको तर्क नागरिक वा समुदायको घरछेउको राज्य भनेको स्थानीय तह नै हो। त्यसबाट नै सबै सेवा प्रवाह हुनुपर्दछ। स्थानीय तहमा विभिन्न कार्यालय हुन्छन्। त्यसमा एक वन कार्यालय पनि हुन्छ। उसले कार्यान्वयन तहको काम गर्दछ। वन हस्तान्तरण लगायतका सरकारी सेवा यहीबाट प्रवाह हुनुपर्दछ। यसरी काम गर्दा संघीय, प्रादेशिक कानुनलाई आत्मसात् गर्दै स्थानीय तहबाट बनाइएका कानुनको समेत कार्यान्वयन गराउँछ। जहाँसम्म वन क्षेत्र रूपान्तरण भई वनविनाश हुन्छ भन्ने तर्क छ- त्यो त समुदायलाई वन दियो भने वन सकिन्छ भन्ने सोचजस्तै हो। अहिले सामुदायिक वनको कारणले वन बढेको पुष्टि भएको छ। त्यस्तै स्थानीय तहले वनको जिम्मेवारी पाएपछि झन जिम्मेवार हुन्छ। कसैले पनि घर डढाएर आगो ताप्दैन। उसले प्रवर्द्धन गर्ने नै सोच्दछ। अहिले पनि कुनै सामुदायिक वन अतिक्रमण भएको चर्चा कहीकतै नसुनिएको होइन। त्यस्तो कुरालाई पुरै नकार्न पनि सकिन्न। सानो क्षेत्रमा हुने कुरालाई ठूलो रूपमा

१ लेखक सामुदायिक वन सहजीकर्ता संजाल (COFSUN) को अध्यक्ष हुनुहुन्छ। सम्पर्क: bholakhatiwada@yahoo.com

हेरिनु हुन्न । विकल्प नभएको खण्डमा पनि अत्यावश्यक कामका लागि वन क्षेत्र प्रयोग गरिनुहुन्न भने धारणा अतिवादी सोचमात्र हो । निश्चित क्षेत्रफलभन्दा बढी वन क्षेत्र रूपान्तरण गर्नुपर्ने अवस्था आएमा स्थानीय तहको सिफारिसमा प्रादेशिक वा संघीय सरकारको निर्णयबाट गर्ने भन्ने व्यवस्था पनि गर्न सकिन्छ ।

अहिले सामुदायिक वन कहाँ रहने भन्ने चर्चा चलिरहेको छ । यो चर्चाको विषय नै होइन । समुदाय अन्तर्गत रहनुपर्छ-यसमा कुनै दुविधा हुनुहुँदैन । जसरी अहिलेको वन ऐन २०४९ले सामुदायिक वनलाई अविच्छिन्न उत्तराधिकारवाला स्वशासित एवं संगठित संस्थाको रूपमा पहिचान दिएको छ । त्यसमा कमी हुनुहुँदैन । सामुदायिक वनलाई आवश्यक पर्ने सेवा स्थानीय तहबाट उपलब्ध हुनुपर्दछ । स्थानीय समुदायको नजिकको सरकारबाट सेवा लिन सहजमात्र होइन- स्थानीय समुदायको हक हो भने स्थानीय सरकारको कर्तव्य पनि हो ।

विश्वमा पहिचान प्राप्त सामुदायिक वनको अझ प्रवर्द्धन गर्नुपर्दछ । यसका लागि समुदायले स्वतन्त्रपूर्वक भूमिका खेल्नमा कुनै विध्नबाधा गर्नुहुँदैन । हामीले कल्पना गरेको सामुदायिक वनको हकमा संघीयता भनेको सामुदायिक वनलाई आवश्यक पर्ने सबै सेवा स्थानीय तहबाट प्राप्त गर्न सकोस् भन्ने हो । स्थानीय तहमा वन कार्यालय र वन अधिकृत हुन्छन् । त्यहीबाट वन हस्तान्तरणसमेत हुनेछ । सामुदायिक वनले स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा सहभागी हुनेछन् । सहअस्तित्वको आधारमा दोहोरो सहकार्य हुनेछ । स्थानीय तहले स्थानीय विकास निर्माणको काम गर्दा विभिन्न उपभोक्ता समिति बनाउने चलन छ । अब पनि स्थानीय तह आफैंले काम गर्ने होइन । जनता वा समुदाय नै परिचालन गर्ने हो । त्यसो गर्दा सामुदायिक वनजस्ता दिगो संस्थाको अगुवाइमा हुनेछ । त्यस्ता काममा सामुदायिक वन र स्थानीय तहको सहकार्य हुनेछ ।

अहिलेको अवस्थामा सामुदायिक वनजस्ता सामुदायिक संस्थाको अझ ठूलो भूमिका हुने देखिन्छ । हिजोको राज्यभन्दा आजको राज्यको योजना तर्जुमा प्रक्रिया केन्द्रीकृत भएको छ । हिजो गाउँ विकास समितिमा नौ वटा वडा थिए- जसमा प्रत्यक्ष निर्वाचित प्रतिनिधि नै ४७ जना हुन्थे । हरेक वडामा अध्यक्षसहित पाँचजना प्रत्यक्ष निर्वाचित प्रतिनिधि हुन्थे । आजको संघीयतामा हिजोको एक गा.वि.स. प्रायःजसो एक वडामा रूपान्तरण भएका छन् । ती वडामा अध्यक्षसहित पाँचजना मात्र जनप्रतिनिधि हुन्छन् । यो वेलामा राज्यको पहुँच खुम्चिएको देखिन्छ । यस्तो वेलामा वडा कार्यालय र बस्तीबीचको पुलको काम सामुदायिक संस्थाले गर्नुपर्दछ । त्यसैले पनि यस्ता संस्थाको भूमिकालाई थप प्रभावकारी बनाउन राज्य संयन्त्रले सोच्नै पर्ने हुन्छ । जसरी राज्यले आफ्ना नागरिकलाई सेवा दिने काम गर्दछ- त्यसैगरी सामुदायिक वनले पनि आफ्ना घरपरिवारलाई सेवा नै प्रवाह गरिरहेको हुन्छ । सामुदायिक वनमा नियमित स्रोत हुन्छ । अनि हरेक परिवार संगठित भएको वैध भूमिका खेल्ने कानुनी व्यक्ति पनि हो । यसले स्थानीय सरकारसँग सदैव सहअस्तित्वको आधारमा सहकार्य गर्ने हैसियत राख्दछ ।

वन भनेको समृद्धिको साधन हो । यसलाई गहना वा सौन्दर्यका साधनको रूपमा हेरिनुहुन्न । कुल भूभागको झन्डै आधा जमिन (४४.७४ प्रतिशत) मा वन छ । यसको समुचित व्यवस्थापन गरिनुपर्दछ । यसका लागि सरकारी कर्मचारी भनेका जनसेवक हुन्- मालिक होइनन् भन्ने सोच आवश्यक हुन्छ । त्यसैगरी जनप्रतिनिधि शासक होइनन्- जनसेवक हुन् । अरु सबै साधन हुन्- साध्य भनेका नागरिक र समुदाय हुन् । यही मर्मलाई आत्मसात् गर्दै संघीयतामा समुदाय तथा मान्छेलाई केन्द्रविन्दुमा राखी वनको दिगो व्यवस्थापन नै अबको बाटो हुनुपर्दछ । जसरी राज्यको असल नीतिले वन वृद्धि भयो- अब त्यस्तै वनको दिगो व्यवस्थापनमा पनि समुदायलाई विश्वास गर्ने नीति लिनु आवश्यक हुन्छ । वनको दिगो व्यवस्थापन भन्नाले सामाजिक, आर्थिक र वातावरणीय पक्षलाई सन्तुलित रूपमा हेरिनुपर्दछ । नेपालको वनलाई दिगो व्यवस्थापन गर्ने हो भने पनि नेपालमा आवश्यक पर्ने काठ सहज रूपमा आपूर्ति भई निकासी गर्नसमेत क्षमता विकास हुन सक्छ ।

## सन्दर्भ सामग्री

**DFRS.** 2015. State of Nepal's Forests. Forest Resources Assessment (FRS) Nepal. Department of Forest Resources and Survey (DFRS). Kathmandu, Nepal.